# नेपाल पत्रकार महासंघ

नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं
Central Committee
Federation of Nepali Journalists


मिति : २०७४।०८।२४

**श्री अध्यक्षजी**
**सबै जिल्ला शाखा/प्रतिष्ठान शाखा/एसोसिएट संस्था**
**नेपाल पत्रकार महासंघ**

**विषय : सदस्यता नवीकरण तथा नयाँ सदस्यता सम्बन्धमा ।**

नेपाल पत्रकार महासंघको विधान २०६० (चौथो संशोधन २०७३) को धारा २ को (ख) बमोजिम हरेक वर्ष सदस्यता नवीकरण गर्नुपर्ने व्यवस्था रहेको यहाँलाई विदितै छ । सोअनुसार त्यस शाखामा आवद्ध रहेका सदस्यहरूको २०७४ सालको सदस्यता नवीकरण गरी शुल्कसहितको विवरण पठाउनुहुन सूचित गरिन्छ ।

साथै, नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको २०७४ असोज २६ र २७ गते बसेको बैठकले महासंघको प्रदेशसभा निर्वाचन २०७४ सालभित्रै गरिने निर्णय गरेको र प्रदेशसभा निर्वाचन अगावै नयाँ सदस्यता प्रदान गरिने भएको हुँदा त्यस शाखामा महासंघको विधान-२०६० (चौथो संशोधन २०७३) को धारा ५ को उपधारा (१) बमोजिम प्रक्रिया पुगेका आवेदनहरू र सदस्यता नवीकरण विवरण २०७४ पुस मसान्तभित्र कार्यसमितिको निर्णयसहित महासंघ केन्द्रमा पठाउनुहुन अनुरोध छ ।

**रमेश विष्ट**
**महासचिव**


फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org